# यसको साथ दौड्नुहोस

एक पृष्ठ

## कहिले रोक्ने भन्ने बारे परमेश्वरलाई थाहा थियो... के हामीलाई थाहा छ?

**त्यस्तै आशा गरौं, तर हामी भेट्नेछौं!** उत्पत्तिमा भएको सृष्टिको कथाले बताउँछ कि परमेश्वरले छ दिनसम्म असल काम गर्नुभयो र सातौं दिनमा विश्राम लिनुभयो। ज्योति, समय, वायुमण्डल, जीवन र मानवताको उत्पत्ति पछि पनि परमेश्वर थाक्नुभएन। बरू, उहाँले सृष्टि प्रक्रियालाई रोक्नुभयो। त्यो रोक्ने प्रक्रियामा, परमेश्वरले फेरि मापदण्ड निर्धारित गर्नुभयो, उहाँलाई थाहा थियो कहिले रोक्ने भन्ने बारे।

मुख्य शब्द

שָׁבַת

शबाथ = शबाथ = ७औं = काम राक्ने

२ आफूले गर्नुभएका काम छैटौं दिनमा परमेश्वरले सिद्ध्याउनुभयो। र सातौं दिनमा आफूले गर्नुभएको सबै कामबाट उहाँले विश्राम लिनुभयो। ३ अनि परमेश्वरले सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो, किनभने आफूले सृष्टिमा गर्नुभएका सारा कामबाट यसै दिनमा उहाँले विश्राम लिनुभयो। –उत्पत्ति २:२-३

**आरामको आनन्द लिने धेरै राम्रा कारणहरू... परमेश्वरका जनहरू धेरै अशिषित् छन् !**

- शारीरिक विश्राम –परमेश्वरले शबाथ विश्रामको नमूना बनाउनुभयो, र हामीले नियमित साप्ताहिक विश्रामको ढाँचा पछ्याउँदा परमेश्वरको स्वरूपमा बनाइएका मानिसहरू हामी धन्यका हुन्छौं। शारीरिक विश्रामको आवश्यकताले हामीलाई जीवित राख्नुहुने परमेश्वरमा हाम्रो दैनिक निर्भरता देखाउँछ।
- आात्मिक विश्राम – येशूले बुझ्नुभयो कि मानिसहरू थकित र बोझले दबिएका छन्। त्यसैले उहाँले मानिसहरूलाई बोलाउनुभयो "मकहाँ आओ... म तिमीहरूलाई विश्राम दिनेछु।" ताकि तिनीहरूले "आफ्ना आत्मामा विश्राम पाउनेछौ।"(मत्ती ११:२८-३०) साथै, येशूले आफूलाई यसरी चिनाउनुभयो... "मानिसको पुत्र शबाथको प्रभु हो।" (लूका ६:५) उहाँ विश्रामको मालिक हुनुहुन्छ, कहिले रोक्ने भनेर जान्नुहुन्छ।
- अनन्त विश्राम – अनन्तताको परिवारले हिब्रू ४ मा अनन्त स्वर्गीय विश्रामको आनन्द लिनेछ। यो प्रतिज्ञा गरिएको छ "परमेश्वरका जनहरूका निम्ति शबाथको विश्राम... " (हिब्रू ४:९)। यस विश्राममा प्रवेश गर्नु भनेको परमेश्वरको उपस्थितिमा प्रवेश गर्नु हो। उहाँ हाम्रो विश्राम हुनुहुन्छ!

**परमेश्वरले किन "काम रोक्नुभयो"?**

उत्पत्ति १:३१ मा परमेश्वरले आफ्नो सृष्टिलाई "साह्रै राम्रो" भन्नुभयो र सातौं दिनमा काम बन्द गर्नुभयो। त्यस बिन्दुमा परमेश्वर किन रोकिनुभयो बिचार गर्नुहोस् ...के परमेश्वरको बिचार सकिएको थियो? के परमेश्वरको सृजनाशीलता समाप्त भएको थियो? कदाचित होइन्। बरू, यो रोक्नको लागि सही बिन्दु थियो किनभने त्यो बिन्दुमा बन्द गर्नु परमेश्वरको सही उद्देश्य र अभिप्रायसँग जाडिएको थियो। विशेष गरी पुरूष/स्त्रीको मुद्दामा, सही "रोक्ने बिन्दु"लाई पनि परमेश्वरको मौलिक उद्देश्य र अन्तिम उद्देश्यसँग मिल्नुपर्छ। परमेश्वरले नर र नारी सृष्टि गर्नुभयो। रोक्नुहोस्। परमेश्वरले तिनीहरूलाई सबै मानिसहरूको लागि परमेश्वरको हृदय देखाउनको लागि आत्मिक वरदान पाएको, परमेश्वरको स्वरूप धारण गरेको, संसारलाई परिवर्तन गर्ने समूहको रूपमा सृष्टि गर्नुभयो। रोक्नुहोस्। पुरूष र स्त्रीहरूमा परमेश्वरको मापदण्ड हराउनुले गम्भीर परिणामहरू ल्याउँछ। केही छनौटहरू, नीतिहरू र ईश्वरशास्त्रहरूले परमेश्वरका कामदारहरूलाई सीमित गर्छन्। केही कार्यहरूले परमेश्वरको फसललाई सीमित पार्दछ। केही कार्यहरू र मनोवृत्तिहरूले परमेश्वरको राज्यको मापदण्डहरू विरूद्ध अधर्मी घमण्ड वा मानव संस्कृतिलाई निमार्ण गर्छ।

**के तपाईं धेरै नजिक रोकिनुहुन्छ? के तपाईं धेरै टाढा जानुहुन्छ? के तपाईं परमेश्वरको चरित्र र आज्ञाहरू सही रूपमा प्रतिबिम्बित गर्नुहुन्छ?**

- के तपाईं पुरूषहरूको लागि मात्र ढोका खोल्ने, तर स्त्रीहरू द्वारा परमेश्वरले जे गर्न सक्नुहुन्छ त्यसलाई सिमित पार्ने हुनुहुन्छ? **(ज्यादै नजिक!)**
- के तपाईं अधर्मी पापी सम्बन्धहरूको लागि ढोका खोल्ने व्यक्ति हुनुहुन्छ? **(धेरै टाढा!)**
- के तपाईं ईश्वरीय पुरूष र महिलाहरूको संख्या बढाउन, तिनीहरूलाई प्रोत्साहन दिन र तिनीहरूलाई येशूजस्तै देखिने बनाउनको लागि ढोका खोल्ने हुनुहुन्छ? **(राम्रो!)**

## "धेरै नजिक" रोक्नु पाप हो। "धेरै टाढा" रोक्नु पाप हो।

**निष्कर्ष**

**कहिले सृष्टि गर्ने र कहिले बन्द गर्ने भन्ने परमेश्वरलाई थाहा थियो। उहाँले सृष्टि गर्नुभयो, आशिष् दिनुभयो, र दुवै लिङ्गलाई आज्ञा दिनुभयो, र त्यसपछि उहाँ रोकिनुभयो। उहाँले पुरूष र स्त्रीलाई एउटै देखिने वा परस्पर बनाउनुभएन। संस्कृति विरूद्ध बलियो रूपमा खडा हुन बुद्धि चाहिन्छ। परमेश्वर जहाँ रोकिनुहुन्छ हामी पनि त्यही रोकिएको उहाँ चाहनुहुन्छ।**

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com